म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- २३ २०८१ मंसिर २४ गते सोमबार 9 December 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-




# संयन्त्रको निर्णय कार्यान्वयन गर्न सरकारलाई निर्देशन



*बैठकमा सहभागी संयन्त्रका पदाधिकारीहरु ।*

समाज संवाददाता

हेटौंडाः सत्ता साझेदार दल बागमती प्रदेशको संयन्त्रको निर्णय तत्काल कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको छ । आइतबार बसेको सत्ता साझेदार दुई दल नेपाली कांग्रेस र नेकपा एमालेको बैठकले संयन्त्रको निर्णय तत्काल कार्यान्वयन गर्न बागमती प्रदेश सरकारलाई निर्देशन दिएको हो ।

काठमाडौंमा बसेको बैठकले प्रदेश सरकारले गरेको निर्णयलाई यथाशीघ्र कार्यान्वयन गर्दै जनचाहना अनुरुप प्रभावकारी ढंगले कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको हो । गत असोज ११ देखि १३ गतेसम्म आएको बाढीपहिरोबाट प्रदेशभित्र क्षति संरचनाको पुनःनिर्माण र विस्थापितलाई पुनःस्थापनाका लागि आवश्यक बजेट व्यवस्था गर्ने संयन्त्रको निर्णय तत्काल कार्यान्वयन गर्न सरकालाई निर्देशन दिएको संयन्त्रका सचिव राजु नेपालले जानकारी दिनुभयो ।

कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको अध्यक्षतामा बसेको संयन्त्रको बैठकले प्रदेशमा बाँकी रहेका राजनीतिक नियुक्तिहरु २ दलको आपसी सहमतिमा टुंग्याउनु र समस्याग्रस्त सहकारीको पहिचान गरी कोही पनि सदस्य पीडित नहुने व्यवस्था गर्न निर्देशन दिएको सचिव नेपालले बताउनुभयो । बैठकले स्थानीय तहको उपनिर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न महत्वपूर्ण भूमिका खेल्ने नेपाल सरकार, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, पर्यवेक्षक, मतदातालगायतलाई प्रदेशस्तरीय दुई दलीय संयन्त्रले आभार प्रकट गरेको छ ।

बैठकमा कांग्रेसको तर्फबाट सभापति बानियाँ, मुख्यमन्त्री बहादुर सिंह लामा र उपसभापति चन्द्र महर्जन तथा एमालेका तर्फबाट प्रदेश इन्चार्ज राजन भट्टराई, प्रदेश अध्यक्ष कैलाश ढुंगेल र संसदीय दलका नेता जगन्नाथ थपलियाको सहभागिता रहेको थियो ।

# भाषा, संस्कृतिले हाम्रो पहिचान जीवितः मन्त्री लामिछाने

समाज संवाददाता

हेटौंडाः रेडियो नेपालले राष्ट्रभाषाको समाचार तथा कार्यक्रम प्रसारणको सवाल र प्रदेश सरकारको भूमिकाबारे अन्तरक्रिया गरेको छ । आइतबार हेटौंडामा भएको अन्तरक्रियामा बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले भाषा र संस्कृति हाम्रा पहिचानका आधारस्तम्भ भएको बताउनुहुँदै भाषा, संस्कृतिले हाम्रो पहिचानलाई जीवित राख्न सहयोग पुऱ्याएको बताउनुभयो ।

नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषाको रुपमा समेटिएको उल्लेख गर्नुहुँदै मन्त्री लामिछानेले तामाङ र नेपाल भाषालाई प्रदेश सरकारले कामकाजी भाषाका रुपमा थप प्रभावकारी रुपमा कार्यान्वयन ल्याउन पहल गरिरहेको जानकारी दिनुभयो । अन्तरक्रियामा रेडियो नेपालका निर्देशक पुष्करराज गौतमले रेडियो कार्यक्रममा समावेशीता र रेडियो नेपालका कार्यक्रमबारे प्रस्तुती राख्नुभएको थियो । फरक-फरक विशेषताका नागरिकहरुका लागि फरक-फरक रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण, फरक-फरक भाषामा कार्यक्रम उत्पादन तथा प्रसारण, क्षेत्रगत समावेशीताका सम्बन्धमा कार्यक्रम उत्पादन तथा प्रसारण गरेर रेडियो कार्यक्रममा समावेशीता ल्याउन सकिने निर्देशक गौतमले जानकारी दिनुभयो ।

वर्गीय, भाषिक, विषयगत/लैङ्गिकता, क्षेत्रगत र ढाँचागत समावेशीता रेडियो नेपालको कार्यक्रममा रहेको गौतमको भनाइ थियो । रेडियो नेपालले २५ भाषामा समाचार र २४ भाषामा कार्यक्रम प्रसारण उत्पादन तथा प्रसारण गर्दै आएको गौतमले जानकारी दिनुभयो । यस्तै रेडियो नेपालका कार्यकारी निर्देशक अमरध्वज लामाले बागमती प्रदेशको राजधानी हेटौंडामा सञ्चारग्राम सञ्चालनको तयारी गरिरहेको बताउनुभयो । यस्तै केन्द्रदेखि प्रदेश हुँदै रेडियो नेपाल स्थानीय तहसम्म फैलाउने योजना रहेको उहाँको भनाइ छ ।

# क्लबस्तरीय फुटबलको उपाधी बकैयालाई

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा क्लबस्तरीय फुटबल प्रतियोगिताको उपाधी बकैया खेलकुद विकास समितिले जितेको छ । आइतबार वडा नम्बर-५ स्थित कर्मचुलीमा भएको फाइनल खेलमा आयोजक जनएकता क्लबलाई १-० गोलले हराउँदै बकैयाले उपाधी जितेको हो ।

बकैयाको जितमा विपन श्रेष्ठले खेलको ६५ औं मिनेटमा निर्णायक गोल गरे । उनले फ्रि-किकमार्फत उत्कृष्ट गोल गरेका हुन् । म्यान अफ द म्याच श्रेष्ठ घोषित भए । जितसँगै बकैयाले १ लाख ११ हजार १ सय रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता आयोजकले ५५ हजार ५ सय ५५ रुपैयाँमा चित्त बुझाएको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी बकैयाका सुजन गुरुङ घोषित भए । उनले नगद ३ हजार रुपैयाँ प्राप्त गरे । मिडफिल्डर सुबराज गोले, सर्वाधिक गोलकर्ता अविशेक भोलन, गोलरक्षक जनएकताका सुजन बल र डिफेन्डर जन एकताकै सुशन वाईबा घोषित भए । अन्य विधागत उत्कृष्टले २-२ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

प्रतियोगितामा सर्लाहीको बागमती युवा क्लबलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै आयोजक फाइनलमा प्रवेश गरेको थियो भने शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा युग परिवर्तन बागमती गाउँपालिकालाई १-० गोलले हराउँदै बकैया फाइनलमा प्रवेश गरेको थियो । क्लबका अध्यक्ष कृष्ण घतानीको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री हरिप्रभा खड्कीको प्रमुख आतिथ्यमा भएको प्रतियोगिताको समापन कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, भिमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, बकैया-५ कि वडाध्यक्ष लक्ष्मी जिम्बा, ६ नम्बरका वडाध्यक्ष फिलमान भोम्जन, बकैया खेलकुद विकास समितिका संयोजक विजय लामा थिङ लगायतको आतिथ्यता रहेको थियो ।

# शर्मिला मृत भेटिइन्

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-४, पौवामा डाँडाबाट लडेर ५० वर्षीया शर्मिला डिम्डुङको मृत्यु भएको छ । इन्द्रसरोवर-३, छुरिगाउँकी शर्मिला शनिबार दिउँसो कुलेखानी जान्छु भनी घरबाट निस्किएकी थिइन् ।

बेलुकासम्म घर नफर्किएपछि आफन्तले शर्मिलाको खोजी गर्दै जाँदा इन्द्रसरोवर-४, पौवास्थित डाडाँबाट ५० फिट तल खसेर मृत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । आइतबार दिउँसो १ बजेको समयमा प्रहरी चौकी फाखेलबाट प्रहरी टोली खटिएर घटनास्थल पुगेको थियो । प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ ।

# पदमपोखरीका विजयको मृत्यु

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका-२२, अम्लेखगन्जस्थित क्वीक-२० होटलमा कार्यरत ५५ वर्षीय विजय थिङको मृत्यु भएको छ । हेटौंडा-१२-पदमपोखरीका स्थायीबासी विजय होटलमा काम गर्दै आएका थिए ।

आइतबार बिहान १० बजेर ४५ मिनेटको समयमा साथीहरुसँग गफ गर्दा गर्दै आफै अचानक लडेर विजय घाईते भएका थिए । उपचारका लागि हेटौंडा-११, थानाभऱ्याङस्थित चुरेहिल अस्पताल पुऱ्याइए विजयको उपचारको क्रममा आइतबार बिहान ११ बजेर ३० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# बालबालिकाको जन्मदर्ता पाउनै मुस्किल

समाज संवाददाता

हेटौंडाः वैकल्पिक हेरचाहमा हुर्केका बालबालिकालाई जन्मदर्ता पाउन मुस्किल रहेको बताइएको छ । राष्ट्रिय बालअधिकार परिषद्ले आइतबार बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था, अवस्था र चुनौति विषयक प्रदेशस्तरीय अन्तरक्रियामा मन्तव्य राख्नुहुँदै किशोरी सरस्वती बुढा मगरले वैकल्पिक हेरचाहमा रहेका बालबालिकाले जन्मदर्ता जस्ता आधारभूत आवश्यकता पाउन मुस्किल रहेको बताउनुभयो । वैकल्पिक हेरचाहमा हुर्केका युवालाई रोजगारी उपलब्ध गराई जीविकोपार्जनमा सहज बनाउन आग्रह गर्नुभयो । वैकल्पिक हेरचाहमा हुर्कन कसैको रहर नभई बाध्यताको उपज भएको उल्लेख गर्नुभयो ।

यसैगरी बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका मन्त्री हरि प्रभा खड्कीले बागमती प्रदेश सरकारलाई सडकमानवमुक्त प्रदेश घोषणा गर्न लागी परेको बताउनुभयो । समस्यालाई कसरी समाधान गर्ने भन्ने विषयमा सहकार्य गरेर अघि बढ्न जरुरी रहेको र यस्तै नागरिकताको विषयमा बहस चलाउन जरुरी रहेको औंल्याउनुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामा लगायतको उपस्थिति रहेको थियो ।

# महासंघमा कृष्णको उम्मेदवारी घोषणा




*प्रदेश समितिको अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्नुहुँदै कृष्ण सारु मगर ।*

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको अध्यक्षमा कृष्ण सारु मगरले उम्मेदवारी घोषणा गर्नुभएको छ । दुई कार्यकाल महासचिवको भूमिका निर्वाह गर्नुभएका मगरले आइतबार पत्रकार भेटघाट कार्यक्रममार्फत उम्मेदवारी घोषणा गर्नुभएको हो । मगरले १९ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गर्नु भएको छ ।

दुर्घटना, बिरामी, ज्येष्ठ पत्रकार र समस्यामा परेका पत्रकार/सञ्चारकर्मीहरुलाई सहयोग गर्न प्रदेश सरकार, सञ्चार रजिष्ट्रार कार्यालयसँगको सहकार्यमा स्थापित पत्रकार कल्याणको कोष सञ्चालनमा ल्याउने, पत्रकारहरुको स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्ने, पत्रकारहरुको स्वास्थ्य परीक्षणमा सहजीकरण गर्ने प्रतिबद्धता जनाएको छ । मगरले प्रदेशभित्र रहेर निरन्तर ३० वर्ष भन्दा बढी समयदेखि पत्रकारिता गरिरहेका अग्रजहरुलाई सम्मान गर्दै जाने, संचारकर्मीको क्षमता विकासका लागि विभिन्न मिडिया हाउस भिजिटका कार्यक्रम संचालन गर्ने, बिट रिपोर्टिङ गर्ने संचारकर्मीलाई सम्बद्ध बिट पत्रकारिताका लागि विशेष तालिमको व्यवस्थापन गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो ।

बागमती प्रदेशको काठमाडौं उपत्यकाका ३ जिल्ला बाहेक मकवानपुर सहित १० जिल्लाका सदस्यले प्रदेश समिति चयनका लागि निर्वाचनमा सहभागिता जनाउनेछन् । नेपाल पत्रकार महासंघको निर्वाचन कार्यक्रमअन्तर्गत आज सोमबार प्रदेश समितिका उम्मेदवारले उम्मेदवारी दर्ताको तालिका रहेको छ । यसअघि शनिबार केन्द्रीय समितिका लागि उम्मेदवारी दर्ता भइसकेको छ भने बुधबार जिल्ला शाखासँगै एसोसिएट र प्रतिष्ठान शाखामा पनि उम्मेदवारी दर्ताको कार्यतालिका रहेको छ ।

**बायोमेट्रिक भेरिफिकेसन (Biometric Verification) गराउने सम्बन्धी सूचना**

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको पत्र अनुसार मकवानपुर जिल्लाको स्थानिय तहहरुमा २०८१/१०/०१ सम्ममा Biometric Verification अनिवार्य हुनुपर्ने व्यवस्था बमोजिम सामान्य नविकरण भएको तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification नभएका सम्पूर्ण आमग्राहीहरु २०८१ पौष मसान्तसम्ममा यस वडा कार्यालयमा उपस्थित भई Biometric Verification अनिवार्य गराउनुहुन सम्बन्धित सबैमा यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै सामाजिक सुरक्षा भत्ता अनलाइन अभिलेख Biometric Verification नभएमा २०८१ साल माघ महिना देखि सामाजिक सुरक्षा भत्ता भुक्तानी नहुने व्यवहोरा समेत जानकारी गराईन्छ ।

**हेटौंडा उपमहानगरपालिका**
**१० नं. वडा कार्यालय**
**बागमती प्रदेश, नेपाल**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# प्रदेश विश्वविद्यालयको बामे सराई

नेपालमा संघीयताको अभ्यासमा नौलो र महत्वपूर्ण संरचना हो प्रदेश संरचना । संघीयता कार्यान्वयनको करिब ७ बर्षको अवधिमा प्रदेश संरचनाको परिकल्पना र यसको अभ्यासबीच प्रसस्त खाडल देखिएको छ । प्रदेश संरचनामा प्रदेश सरकार मात्रै नभएर प्रदेशको भुगोललाई आधार बनाएर राज्यका सबैखाले इकाईको प्रदेशस्तरीय संरचनाको पनि परिकल्पना गरिएको छ । जनअन्तर्गत प्रदेश विश्वविद्यालय पनि एक हो । विश्वविद्यालय भन्ने बितिकै विश्वस्तरीय शिक्षा, विश्वबजारमा बिक्न सक्ने, टिक्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्ने औपचारिक शिक्षा प्रदान गर्ने संस्थाको रुपमा बुझ्नुपर्ने हुन्छ । प्रदेश विश्वविद्यालयको अभ्यासमा ७ प्रदेशमध्ये बागमती प्रदेश सरकारले पनि विश्वविद्यालय स्थापनाको पहल थालेको छ । अन्य प्रदेशको तुलना बागमती प्रदेशमा प्रसस्त विश्वविद्यालय स्थापित छन् । त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालयसँगै विभिन्न प्रतिष्ठानहरु पनि क्रियाशील छ ।

नेपालकै जेठो त्रिभुवन विश्वविद्यालय भएको बागमती प्रदेशमा प्रदेश विश्वविद्यालयको आवश्यकता र औचित्यबारे पर्याप्त र वृहत् छलफल नै नभई बागमती प्रदेश सरकारले प्रदेश विश्वविद्यालय स्थापनाको प्रक्रियालाई अगाडि बढाएको छ । बागमती प्रदेश विश्वविद्यालय स्थापनाको प्रक्रिया अगाडि बढाउँदै गर्दा प्रदेश सरकार र नागरिक समाजबीच पर्याप्त छलफल हुन सकेको छैन । प्रदेश सरकारले प्रदेशका नागरिकले अपनत्व ग्रहण गर्न सक्ने, सरोकारवालाका सहभागितालाई सुनिश्चित नै नगरी विश्वविद्यालय स्थापनाको प्रक्रियालाई अगाडि बढाएको छ । विश्वविद्यालयको उद्देश्य र लक्ष्य स्पष्ट नगरी, विश्वविद्यालयको औचित्यबारे पनि स्पष्ट नभई प्रदेश सरकारको अधिकारको प्रयोग मात्रै भएको ढंगबाट प्रदेश विश्वविद्यालय स्थापनाको प्रयास भइरहेको देखिन्छ ।

बागमती प्रदेश संघीय राजधानी समेत रहेको प्रदेश हो । संघीय राजधानी भएकै कारण मुलुककै जेठो विश्वविद्यालयदेखि प्राविधिक विश्वविद्यालय समेत भएको बागमती प्रदेशमा प्रदेश सरकारले नयाँ विश्वविद्यालयको स्थानमा भएकै विश्वविद्यालयको स्वामित्व ग्रहण गरेर शैक्षिक कार्यक्रमका बारेमा आवश्यक अध्ययन, अनुसन्धान गरेर आजको विश्वबजारमा प्रतिस्पर्धी, सक्षम र गुणस्तरीय जनशक्ति उत्पादनमा ध्यान दिनु उपयुक्त हुने थियो । संघीय राजधानी भएको बागमती प्रदेशले विश्वविद्यालय स्थापनाको सन्दर्भमा विज्ञ समूहको परामर्श, आवश्यक अध्ययन, अनुसन्धान समेत गरेको छैन । आजको उत्तराधुनिक समयमा विश्वविद्यालयको वृहत् अवधारणालाई नबुझी आफ्नो अधिकार र सीमित व्यक्तिको पद लाभको अवसरको रुपमा मात्रै बुझ्ने गरी विश्वविद्यालय स्थापना, सञ्चालन र व्यवस्थापनको प्रयास भएको देखिन्छ ।

प्रदेश सरकारले विश्वविद्यालयलाई सामान्य विद्यालय सञ्चालन गरेको जस्तो बुझेको त छैन भन्ने अवस्था समेत छ । कहिले भएकै सामुदायिक क्याम्पसलाई विश्वविद्यालयको रुपमा विकसित गर्ने भन्ने व्याख्या भइरहेको छ भने कहिले नयाँ संरचनासहित नयाँ विश्वविद्यालय स्थापना हुने भन्ने तयारी देखिन्छ । विश्वविद्यालय स्थापनाको चर्चा नै वर्ष दिन भन्दा बढी भइसक्दा विश्वविद्यालयको स्पष्ट खाका तयार नहुनु, विश्वविद्यालय स्थापनाका लागि विज्ञ समूह निर्माण नहुनु, विश्वविद्यालयका पदाधिकारीहरुको अनुहार विज्ञबाट भन्दा पार्टीको कोटामा साधारण व्यक्तिहरुले अवसर पाउनु जस्ता विषय गम्भीर विषय हुन् । यस्ता सबैखाले प्रवृत्तिलाई पुनरावलोकन गरी विश्वविद्यालयको अवधारणालाई स्पष्ट बनाउन प्रदेश सरकार जिम्मेवार नहुने हो भने विश्वविद्यालयको संख्या मात्रै बढ्ने अवस्था रहनेछ । विश्वविद्यालय प्रदेश सरकारको असफलताको सूचिको एउटा महत्वपूर्ण बुँदा मात्रै हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाई–लेखाई मध्यमकारक रहने समयको योग छ ।
**वृष** : रोकिएको धन हात पर्ने समय योग रहेको छ ।
**मिथुन** : अन्तरर्वाता परीक्षा आदिमा सफलता प्राप्त होला ।
**कर्कट** : गोपनिय विषय र मानसिक अल्झन बढ्न सक्छ ।
**सिंह** : सोच र बुद्धिको उपयोगले काममा परिपूर्णता ।
**कन्या** : व्यवहारमा लचिलोपन ल्याउँदा राम्रो रहने छ ।
**तुला** : चुनौति र संघर्ष पनि बढ्ने समय योग छ ।
**वृश्चिक** : व्यापार–व्यवसाय दुवै मध्यमकारक रहला ।
**धनु** : सोच र बुद्धिको उपयोगले प्रशंसा प्राप्त होला ।
**मकर** : प्रतियोगी र प्रतिद्वन्द्वी माथि विजय प्राप्त होला ।
**कुम्भ** : चुनौतिका काम भएपनि सफलता प्राप्त होला ।
**मीन** : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ ।

# किशोरी आमा हुँदा बाबु चै बलात्कारी हुने कि नहुने ?




**बिक्रम खतिवडा**

समृद्ध समाजमा प्रकासित समाचार कार्तिकमा २३ जना किशोरी आमा बने भन्ने समाचार पढे संगै मन भारी भयो । हेटौंडा भन्ने बितिकै संघिय राजधानिको रहेके बाग्मति प्रदेशकै राजधानि समेत रहेको सहर हो। यहाँको यस्तो अबस्था छ भने देशको दुरदराजमा रहेका गाँउ घरको अबस्थाके होला । देशै भरी कति किशोरी आमा बने भन्दा पनि म यहाँ बिद्यमान कानुन का ति किशोरी आमाका श्रीमान् कति जना पुरुष बलात्कारी बने जस्को शारीरीक समपर्क कै कारण ति किशोरीहरु आमा बनेका हुन । मुलुकि अपराध संहिता,२०७४ को परिच्छेद १८ करणी समन्धि कसुर अर्न्तगत जर्बजस्ती करणी समन्धी ब्यबस्था गरेको छ। संहिता दफा, २१९ ले जर्बजस्ती करणी गर्न नहुने उल्लेख छ । कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा जर्बजस्ती करणी गरेको मानको छ । कानुनले मञ्जुरी लिएर भएपनि अठार बर्षभन्दा कम कुनै बालिकालाई करणी गरेमा समेत जर्बजस्ती करणी गरेको मानेको छ । कानुनले यसो भन्दै गर्दा हरेक बर्ष देशै भरी हजारौंको संख्यामा किशोरी आमा कसरी बने के ति किशोरीका श्रीमान्लाई राज्यले कानुन बमोजिम सजाय दियो त ? कहिले पाउने ति बाबुहरुले सजाय ? के थाहा समय संगै मान्छेको मन कतिखेर बदलिन्छ कुनै भर नहुने रैछ त आज कलिलै उमेरमा बावु आमा बन्दै गर्दा मिलेको खुशिले भोलि कुनै पुरुषको पनि जिवन बर्बाद हुनु पक्कै राम्रो हैन । त्यसैले कानुन बमोजिम सजाय दिईयो भने उस्ले बाँकि जिवन त निर्धक भएर जिउन पाउँछ । मुलुकि अपराध संहिता, २०७४ मै स्पस्ट ब्यबस्था कानुन कार्यन्वयन गर्न कस्ले रोक्यो यदि यो संभब नै छैन भने किन यस्तो त हाम्रो कानुन ? परिपक्व दुईजानाकै सहमतिमा होटलको बन्द कोठामा गरीने शारीरीक समपर्कलाई खोज्दै अपराधि करार गर्न तैयार हाम्रो प्रहरी प्रशासनले नाकै अघि हुने यस्ता घटना किन देख्दैन ? म तपाई समपुर्ण राष्टभक्त प्रहरी प्रशासन संग यो कानुन कार्यन्वनको लागी आग्रह गर्न चाहान्छु र समाजामा भयका यस्ता हाम्रो समाजलाई अपराधि देखाउने खालका कानुन समय सापेक्ष बैज्ञाकिक बनाउनका लागी भुमिका खेल्न समेत आग्रह गर्न चाहान्छु । तर हामिले २००७ देखि ६२ ६३ सम्म धेरै परिवर्तन गर्यौ। जनताले नै लडेर जनताको संबिधान पनि निर्माण पनि गर्यौ । यस क्रममा देशमा धेरैले धेरै रगत बगाएका छन । परिवर्तन पनि भयो तर यो परिबर्तनके हाम्रो समाज सुहाउदो छ त ? के यहि यस्तै असमान संबिधान निमार्णका लागी थियो त्यो बलिदान ? यहि समाजमा बिबाह गरेर भित्राईएकि एक श्रीमतिले आफनै श्रीमान बिरुद्ध १० औं बर्ष पछि पनि बैवाहिक बलात्कारको मुद्धा हालेर त्यस मुद्धामा सजाय काटदै गरेका समाजमा न्याधिस देखि पत्रकार, उद्योगी ब्याबसायी, देखी सामान्य नागरीकसम्म खोज्ने हो भने सयौं हैन हजारौको सख्यामा रहेको पाईन्छ । कतै हामीले गरेको परीवर्तनले समाजमा अपराधि मात्रै त जन्माईरहेका छैनौ ? सोच्ने कहिले ? सोच्ने कस्ले ? राजनैतिक दल तथा तिनका नेतालाई धेरै गालि गर्‍यौं हामीले अब सबैले आ-आफ्नो ठाँउबाट भुमिका खेल्ने हो भने जस्ले यस्ता कानुन बनाय पक्कै सोच्न बाध्य हुने थिय ।

बलात्कार जस्तो जघन्न अपराधको ब्यख्या पकै ब्याबहारीक छैन । त्यसैले अपराधिलाई हदैसम्मको कारबाहिको माग गर्दै समय सपेक्ष कानुन निमार्णमा सबैले आ-आफनो ठाँउबाट सकेको भुमिका खेल्दै जाँउ ।

# बैंकरहरूको कार्यजीवन सन्तुलनमा समस्या बढी कि समाधान फितलो ?



**जीवन प्रसाद अवस्थी**

बैंकिङ क्षेत्र अत्यन्तै प्रतिस्पर्धात्मक, दबाबपूर्ण र समयसापेक्ष क्षेत्र हो । बैंकिङ क्षेत्रलाई आधुनिक समाजको मेरुदण्डका रुपमा मानिन्छ । जहाँ वित्तीय प्रवाहको सुनिश्चितता, सुरक्षित लगानीको माध्यम आर्थिक स्थायित्वको जिम्मेवारी रहेको हुन्छ ।

नेपालको आर्थिक र वित्तीय प्रणालीको प्रमुख आधार मानिए तापनि यस क्षेत्रमा देखिने चुनौतीपूर्ण कार्य समय, अन्य संगठनभन्दा उच्च प्रतिस्पर्धात्मक र परिवर्तित वातावरण तथा प्रविधिको अवस्थाले गर्दा बैंकिङ कर्मचारी दबाबयुक्त भई जीवन सन्तुलन बनाउन चुनौतीपूर्ण छ। अरु क्षेत्रभन्दा थप समय दिनुपर्ने भए पनि ग्राहकको अपेक्षा अनुसार ग्राहकमुखी सेवा प्रदान गर्न, दैनिक, मासिक तथा वार्षिक लक्ष्य प्राप्त गर्न, प्रशासनिक कार्य, अभिलेख व्यवस्थापन कार्य लगायत अन्य चुनौतीपूर्ण कार्यको सामना गर्नुपर्ने भएकाले बैंकरहरूको व्यक्तिगत जीवन असन्तुलन हुँदै गएको छ ।

यो लेखमा वर्तमान अवस्थामा बैंकिङ क्षेत्रको कार्यजीवन सन्तुलनका समस्या र तिनको समाधान गर्ने प्रमुख रणनीति तथा सुझावबारे व्याख्या गरिएको छ ।

बैंकिङ क्षेत्रको कार्यजीवन सन्तुलन समस्याले यस क्षेत्रमा कार्यरत कर्मचारी शारीरिक, मानसिक स्वास्थ्य र आत्मसन्तुष्टिमा प्रतिकूल असर पुर्‍याइरहेको पाइन्छ। प्रायः दैनिक ९ देखि १२ घण्टा वा अझै बढी समय काम गर्नुपर्ने परिपाटी सामान्य जस्तै भइसकेको अवस्थामा लामो समयको कार्यभारले गर्दा थकान, तनाव महसुस गर्ने जसले गर्दा विभिन्न किसिमका दीर्घकालीन रोग, उच्च रक्तचाप, सुगर, नसा तथा हाडजोर्नी समस्याबाट ग्रसित हुने बढी दबाब दिई लक्ष्य पूरा गर्नुपर्ने वस्तुपरक कार्यसम्पादनको आधार प्रभावकारी रूपमा नहुँदा कर्मचारीको कार्यक्षमता र सन्तुष्टिसँगै बैंकिङ व्यवसाय वृद्धिमा समेत नकारात्मक असर देख्न सकिन्छ ।

अत्यधिक कार्यसमय र कार्यदबाबका कारण कर्मचारीको पारिवारिक भेटघाट, व्यक्तिगत कार्य तथा करिअरमा बढोत्तरी लगायत थुप्रै व्यक्तिगत जीवनमा प्रतिकूल असर पुर्‍याइरहेको पाइन्छ। बैंकिङ क्षेत्रका कर्मचारीमा कार्य जिम्मेवारी प्राथमिकतामा हुने हुँदा व्यक्तिगत सीप विकास र करिअरमा सुधार गर्न समय दिन कठिन भइरहेको पाउन सकिन्छ। जसका कारण बैंकिङ क्षेत्रबाट कर्मचारी पलायन हुने टर्नओभर हुने दर उच्च हुँदै गएको र लामो समयसम्म कार्यमा रहँदा देखिने थकान, कार्यदबाब र पारिवारिक असन्तुलनले कर्मचारीलाई बैंकिङ क्षेत्रमा स्थायित्व कायम राख्न कठिन बनाउँदै गएको छ।

### कार्यजीवन सन्तुलन समस्या समाधान जिम्मेवारी निकाय

नेपालको बैंकिङ क्षेत्रमा कार्यजीवन सन्तुलनका समस्या दिनप्रतिदिन जटिल बन्दै गएको सन्दर्भमा यस्तो समस्या समाधानका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने जिम्मेवार निकायका रुपमा नेपाल राष्ट्र बैंक, बैंकहरुको आन्तरिक व्यवस्थापन, श्रम तथा रोजगार मन्त्रालय, श्रमिक संघ-संगठन, युनियन, तालिम तथा अनुसन्धान संस्था रहनुपर्ने देखिन्छ।

नेपाल राष्ट्र बैंक नेपालको बैंकिङ क्षेत्रको सर्वोच्च नियामक निकाय, केन्द्रीय निकाय भएकाले राष्ट्र बैंकले मानव संसाधन व्यवस्थापन गर्न, कार्यजीवन सन्तुलन समस्या कम गर्न ऐन, नियम, परिपत्र जारी गरी नीतिगत रुपमै जोड दिनुपर्ने देखिन्छ। जस्तै, हप्तामा दुई दिन बिदा, लचकदार कार्यसमय वातावरण निर्माण, तनाव व्यवस्थापन कार्यक्रम अनिवार्य लागू गर्नुपर्ने निर्देशन तथा कर्मचारी सन्तुष्टि सर्वेक्षण सर्वे गरी कार्यजीवन सन्तुलन भए-नभएको जानकारी लिन सकिन्छ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा जापानमा कैरोसी (कामबाट मृत्यु) समस्या सम्बोधन गर्न, त्यस देशको सरकारले कार्य समयमा सुधार गरी मानसिक स्वास्थ्यमा जोड दिएको पाइन्छ। नेपाल राष्ट्र बैंकले पनि कर्मचारीको स्वास्थ्य र जीवन सन्तुलन प्राथमिकतामा राखेर नीति निर्माण पूर्णरूपमा पालना भए-नभएको परिपत्र जारी गरी बैंकहरूको आन्तरिक व्यवस्थापन, कर्मचारी विनियमावली, कार्य विश्लेषण, भर्ना तथा छनोट मध्यनजर गरी सोही अनुसार कार्य जिम्मेवारी दिने परिपाटी विकास गर्नुपर्दछ।

बढ्दो प्रतिस्पर्धा, नवीन प्रविधि आत्मसात् गर्नुपर्ने अवस्थाले गर्दा अधिकांश बैंकले लक्ष्यमा आधारित कार्य गर्ने प्रणाली अपनाउनुपर्ने बाध्यात्मक अवस्थाका कारण कर्मचारीमा हुने दबाब, प्रभाव कम गर्न व्यवस्थापनले अतिरिक्त कामको बोझ हटाउन आवश्यकता अनुसार थप कर्मचारी भर्ना गर्ने, सिफ्ट अनुसार कार्य गर्ने वातावरण मिलाउन सक्नुपर्दछ।

उदाहरणका लागि नर्वे र डेनमार्कले 'पारिवारिकमैत्री कार्यस्थल नीति' लागू गरेर कर्मचारीको सन्तोषजनक कार्यजीवन र उच्च उत्पादकत्व, सन्तुष्टिमा सुधार गरी ग्राहकमैत्री बैंकिङ सेवा सुधार गरेको पाइन्छ । यसैगरी नेपालको श्रम तथा रोजगार मन्त्रालयले श्रमिकको अधिकारका लागि चासो देखाए पनि बैंकिङ क्षेत्रमा ऐनको प्रभावकारी कार्यान्वयन भए-नभएको मूल्यांकन गर्ने, समस्या छलफल गरी ऐनमार्फत सुधार गरेर लैजाने प्रणाली विकास गरेको पाइँदैन ।

भारतमा श्रम मन्त्रालयले 'वर्किङ आवर रिफर्म' लागू गर्दै बैंकिङ क्षेत्रका श्रमिकको अधिकार सुनिश्चित गर्न ठोस कदम चाले अनुरुप नेपालले पनि यस्तै सुधारात्मक पहल गर्दै बैंकिङ कर्मचारीको कामको समय र सुविधा सुनिश्चित गर्न नीति निर्माणमा जोड दिनुपर्ने देखिन्छ। नेपालमा बैंकिङ क्षेत्रमा श्रमिक संघ-संगठनको उपस्थिति बलियो भए पनि यिनले कर्मचारीको व्यक्तिगत जीवन र कार्यसन्तुलन सुधार गर्ने पहल प्रभावकारी गरेको पाइँदैन ।

यस्ता संघ तथा युनियनले व्यवस्थापनसँग छलफल गरी बिदाको थप व्यवस्था, कार्यसमयमा लचकपना, कर्मचारीलाई उपचार तथा परामर्शका लागि छुट्टै वित्तीय अस्पताल तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम लागू गर्न अनिवार्य दबाब दिनुपर्दछ। दक्षिण कोरियामा श्रमिक संगठनहरुले कर्मचारीको मानसिक स्वास्थ्य ख्याल गर्ने कार्यक्रम लागू गर्न व्यवस्थापनलाई बाध्य पारेको पाइन्छ । नेपालका विभिन्न सक्रिय संघ-संगठनले पनि यस्तो पहलकदमी सुधारको भूमिका खेल्नु अति आवश्यक, अपरिहार्य देखिन्छ।

नेपालमा बैंकिङ तालिम दिने संस्थाहरुले प्रायःजसो प्राविधिक सीप, प्रशासकीय सीपलाई मात्र ध्यान दिने गरेको पाइन्छ, जसलाई परिमार्जन तथा थप गरी तनाव व्यवस्थापन, समय व्यवस्थापन, आध्यात्मिक र ध्यानयोगको व्यवस्था, परिवर्तित वातावरण अनुकूल नेतृत्व सीप तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अन्तर्राष्ट्रियस्तरमा हेर्दा अमेरिकामा 'कर्पोरेट वेलनेस प्रोग्राम' सञ्चालन गरेर कर्मचारीको शारीरिक र मानसिक स्वास्थ्य सुधारमा जोड दिए जस्तै नेपालमा पनि यस्ता कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

माथि उल्लेखित सुझावको प्रभावकारी कार्यान्वयन गर्न सबै निकायको परस्पर समन्वय नीतिगत मन्थन व्यवस्थापकीय रुपमा कार्यान्वयन लगायत नेपाल राष्ट्र बैंकले समयसापेक्ष थप नीति निर्माण निर्देशन जारी गर्ने र त्यस्तो नीति कार्यान्वयन गरेर बैंकहरूको मानवस्रोत व्यवस्थापनलाई प्रोत्साहन गर्नुपर्दछ।

त्यसैगरी श्रम मन्त्रालयले कानुन कार्यान्वयनमा कडाइसाथ श्रमिक संगठनहरुले व्यवस्थापन र कर्मचारीबीच संवादलाई पुलका रूपमा कार्य गर्नुपर्दछ।

बैंकहरूले वार्षिक, अर्धवार्षिक कर्मचारी सन्तुष्टि सर्वेक्षण अनिवार्य लागू गर्दा कर्मचारीको कार्यजीवन सन्तुलनमा सुधार ल्याउन महत्वपूर्ण आधार प्रदान गर्दछ । साथै, यस्ता सुधार लागू गर्न आवश्यक विभिन्न स्रोत-साधन र बजेट व्यवस्थापनका लागि राज्यले प्रमुख प्राथमिकता दिन सके समग्र नेपालको बैंकिङ क्षेत्रमा कार्यरत कर्मचारीको कार्यजीवन सन्तुलनमा सुधार गर्न र दीर्घकालीन मानवस्रोत सम्बन्धी समस्या न्यूनीकरण गर्न सहयोग पुग्दछ।

यस्ता सुधारात्मक कदमले कर्मचारीको कार्यजीवन सन्तुष्टिमा सुधार गर्नुका साथै समग्र बैंक तथा वित्तीय संस्थाको उत्पादकत्व बढाउन, सम्पूर्ण वित्तीय सरोकार निकायसँग आपसी सुमधुर सम्बन्ध निर्माणमा सहयोग गर्दछ ।

*(लेखक अवस्थी नेपाल बैंक लिमिटेड कैलाली शाखामा कार्यरत छन् । स्रोतः अनलाईखबर ।)*

# यु-१५ वडाध्यक्ष कपमा २० टिम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित पिप्ले युवा क्लबको आयोजनामा हुन लागेको यु-१५ ८ ए साइड फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ। यही मंसीर २७ गतेदेखि ३० गतेसम्म हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुन लागेको पहिलो संस्करणको वडाध्यक्ष कप फुटबल प्रतियोगितको तयारी पूरा भएको जनाइएको छ। आइतबार पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरेले पत्रकार सम्मेलनको आयोजना गर्दै 'राष्ट्रिय खेलाडी बन्ने होड, उत्पादनमा जोड' भन्ने नाराका साथ आयोजना गर्न लागेको प्रतियोगितामा मकवानपुरसहित अन्य २० वटा टिमहरुको सहभाागिता रहने जानकारी दिनुभएको छ।

खेलाडीहरुलाई एउटै ठाउँमा मात्र सीमित नराखेर विभिन्न प्रतियोगितामा सहभागी गराउँदै राष्ट्रियस्तरमा पुऱ्याउन र खेलको विकासमा टेवा पुऱ्याउनका लागि प्रतियोगिताको आयोजना गर्न लागेको उहाँले बताउनुभयो। प्रतियोगिता आयोजना गर्नका लागि हेटौंडा उपमहानगरपालिकाको ५ नम्बर वडा कार्यालयले करिब २ लाख ५० हजार रुपैयाँको बजेट बिनियोजन गरेको उहाँले बताउनुभयो। यसअघि पनि पिप्ले युवा क्लबले विभिन्न प्रतियोगिताहरुको आयोजना गरेकोमा १५ वर्ष उमेर समूहका खेलाडी उत्पादन गर्नका लागि प्रतियोगिताको आयोजना गरेको उहाँले बताउनुभयो।

प्रतियोगिताको उद्घाटन खेलमा पहिलो दिन बिहान ९ बजे नागस्वती फुटबल एकेडेमी हर्नामाडी र सृजनशील क्लबबीच प्रतिस्पर्धा हुनेछ। वडाध्यक्ष सुशील घिमिरेले वार्षिक रुपमा युवालाई प्राथमिकता दिएर विभिन्न प्रतियोगिताहरुको आयोजना गर्दै आएको सन्दर्भमा उनीहरुको उपस्थिति कम भएको कारणले १५ वर्ष उमेर समूहका खेलाडीहरु सहभागी हुन पाउनेगरी प्रतियोगिताको आयोजना गर्न लागेको बताउनुभएको छ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ५ हजार ५ सय रुपैयाँ, उत्कृष्ट फरवार्ड, डिफेन्डर, मिडल्फिडर, गोलरक्षक र प्रशिक्षकलाई जनही ३ हजार ५ सय रुपैयाँको नगद पुरस्कार प्राप्त गर्नेछ।

# बस्तीपुर जेसीजको सप्ताहव्यापी कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिकास्थित बस्तीपुर जेसीज हाँडीखोलाको जेसीज सप्ताह २०२४ सम्पन्न भएको छ। शनिबार मनहरी गाउँपालिकाको सभाहलमा बस्तीपुर जेसीजको जेसीज सप्ताह सम्पन्न भएको हो। बस्तीपुर जेसीज वर्ष २०२४ का अध्यक्ष अमृत पाठकको सभाध्यक्षमा तथा गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यमा समापन समारोह भएको हो।

**पहिलो दिनमा मनहरी-१ मा स्वा. हरि बहादुर गोले स्मृतिमा बाल जीवनज्योति माध्यमिक विद्यालयमा कक्षा १२ को पुस्तक हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरिएको थियो ।**

बस्तिपुर जेसीज हाँडीखोलाले जेसीज सप्ताह-२०२४ मा आफ्नो कार्यक्षेत्र भित्र ३ दिनमा ११ वटा विभिन्न कार्यक्रम गरेको अध्यक्ष अमृत पाठकले जानकारी दिनुभयो। पहिलो दिनमा मनहरी-१ मा स्वा. हरि बहादुर गोले स्मृतिमा बाल जीवनज्योति माध्यमिक विद्यालयमा कक्षा १२ को पुस्तक हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरिएको थियो। यस्तै दोस्रो कार्यक्रम अन्तर्गत गाउँपालिकाको २ नम्बर वडामा स्व. जानुकादेवि बर्तौलाको स्मृतिमा सीता माध्यमिक विद्यालयको मातहतबाट चल्ने विद्यालयलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको अध्यक्ष पाठकले बताउनुभयो। तेस्रो कार्यक्रममा मनहरी-३ मा रहेको महेन्द्र ज्योति माध्यमिक विद्यालयमा स्व. रामकृष्ण सिटौला र शुभद्रा सिटौलाको स्मृतिमा खेलकुद सामग्री हस्तान्तरण गरेको थियो। सोही दिनको अन्तिम कार्यक्रम स्व. उदय सिंह पाठकको स्मृतिमा मनहरी-४ स्थित चेपाङ प्राथमिक विद्यालयलाई न्यानो कपडा वितरण गरिएको, दोश्रो दिन पहिलो कार्यक्रम वडा नम्बर-९ मा ट्राफिक सचेतना कार्यक्रम, वडा नम्बर-५ मा मदन आश्रित प्राथमिक विद्यालयलाई प्राथमिक स्वास्थ्य सामग्री वितरण, वडा नम्बर-८ मा प्राथमिक विद्यालयलाई देउकोटमा विद्यालयलाई रंग हस्तान्तरण गरी मनाएको छ।

तेस्रो दिन वडा नम्बर-७ मा रहेको कभर्डहलमा बस्तिपुर जेसीज हाँडीखोलाका संस्थापक अध्यक्षको स्मृतिमा ब्याड्मिन्टन प्रतियोगिता आयोजना गरिएको थियो। चौथो दिन वडा नम्बर-६ को प्राथमिक विद्यालयलाई सरसफाइ सामग्री प्रदान गरिएको थियो भने पाँचौं कार्यक्रम हेटौंडा ३ र १९ मा जेब्रा क्रसिङमा रंग लगाएर मनाएको थियो। सप्ताहव्यापी कार्यक्रमको समापनमा पुरस्कार वितरण गरिएको छ। समापन कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर, वडा अध्यक्ष, हेटौंडा जेसीज वर्ष २०२४ अध्यक्ष विकेशलाल श्रेष्ठ, हेटौंडा लेडि जेसिजकी अध्यक्ष सजिता केसी लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/२४)*

मिति २०८१/०८/१९ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयमा क्यानटिन संचालन सम्बन्धी कार्य सिलबन्दी दरभाउपत्रद्धारा गर्नुपर्ने भएकोले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका इच्छुक फर्म तथा व्यक्तिबाट तोकिएको शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**


| विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फारम बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|
| चमेनागृह (क्यानटिन) | ५००।- | २०८१/०९/०८ | २०८१/०९/०९ गते (१२ बजे सम्म) | २०८१/०९/०९ गते (दिउँसो १ बजे) | विस्तृत सूचना विद्यालयको सूचना पार्टीमा टाँस गरिएको छ। |

**भूटनदेवी माध्यमिक विद्यालय**

**हेटौंडा-४, मकवानपुर**

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ।



- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका।
- **अनुभव** : आवश्यक छैन।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला।**

**सेवा सुविधाहरू**

- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ।

**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६**

**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## सञ्चालनमा आयो

## पशुपति ईभी चार्जिङ स्टेशन

**हेटौंडा-४ पशुपति मन्दिरअगाडि**


**पशुपति ईभी चार्जिङ सेन्टर**



**६ वटा चार्जिङ युनिटसहित**

**सम्पर्कः ९८५५०६८८७३**


## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घर मा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।


**सम्पादक।**

# बालजागृतिका विद्यार्थीको आवाज







Asmita Thing






Rohan Timalsina
class-8

## If I was an eagle



**Riyaj Basnet**

If i was an eagle
I would fly
life superman
in the sky

I would have better
eye-sight power
strong paws legs
and jumping over the sky

If i was an eagle
I'd see all oceans
I see all
witch points

If i was an eagle
I would live on the nest
on the tree and
pass all eye test.

## Todays world



**Sijam khatri**

Making a dream to live, is to sine.
Making a dream to see, is a crime.

Stopping the bad, is to deny.
Avoiding the crowd, is to cry.

Trusting a stranger is to lie
losing a friend is to die.

The truth is to hurt
but the tie is to break.

Then you ask us; "why have you changed ?"

# जलवायु परिवर्तनको मारमा ग्रामीण महिला

शुभलक्ष्मी वि.क.

हेटौंडाः उमेरले ५० कटेकी मनहरी गाउँपालिका-३, ढेडोखोलाकी राममाया प्रजा (चेपाङ)को दिनचर्या दैनिक ज्यालादारीमा बित्ने गरेको छ। राममाया एक प्रतिनिधि पात्र हुन्। उहाँजस्तै यस क्षेत्रका अधिकांश महिलाहरु जिविका चलाउन दैनिक ज्यालादारीमा काम गर्ने गर्छन्।

बिहान ६ बजेदेखि दिउँसो १२ बजेसम्म खेतबारीमा काम गर्दा ५ सय रुपैयाँ कमाई हुन्छ। बिहानदेखि बेलुकी ६ बजेसम्म काम गरेमा दैनिक एक हजार कमाई हुन्छ । यसरी हुने आम्दानीबाट दैनिक गुजारा गर्ने, बच्चाको पढाई र घरायसी व्यवहार चलाउने गरेको ढेडोखोलाकी चाहना प्रजा (चेपाङ) बताउनुहुन्छ । ढेडोखोला नजिकै रहेको गाउँ भुन्द्रुङमामा बाह्रै महिना तरकारी खेती हुन्छ। तरकारी खेतीका लागि जिल्लामै प्रख्यात यस ठाउँमा ढेडोखोलाजस्तै जंगल नजिकका बस्तीबाट कामदारहरु कामका लागि जाने गर्छन्।

आफ्नो जमीन कम हुनु वा नहुनु, खेतीबालीमा जंगली जनावर र रोग, किराको आक्रमणले गर्दा भएका जमीनबाट उचित प्रतिफल प्राप्त नहुनु लगायत समस्याले यस क्षेत्र आक्रान्त छ। त्यसैले यस क्षेत्रका अधिकांश पुरुषहरु रोजगारीका लागि घरदेखि टाढा-टाढा अन्य सहरहरुमा मजदुरी गर्न जाने गर्छन्, भने महिलाहरु गाउँ आसपासकै ठाउँहरुमा ज्यालादारी गर्ने गर्छन्। यसै गाउँमा करिब ३० वर्षदेखि बसोबास गर्दै आउनुभएकी सानु सुनार भन्नुहुन्छ, 'रसायनिक मल नहाली कुनै बाली फल्दैन ।' अहिले बालीनालीमा धेरै किरा लाग्ने र रोगले आक्रमण गर्ने गरेको यहाँका किसानहरुको अनुभव छ। विगतका वर्षहरुमा आफ्नै घरको बीउ, गाइबस्तुको मल प्रयोग गरि गरिएको खेतीबाट राम्रो आम्दानी हुने गरेकोमा अहिले किनेको बिउ, रसायनिक मल, विषादी प्रयोग गर्न बाध्य रहेको यहाँका किसानहरु बताउँछन्।

केन्द्रीय तथ्यांक कार्यालयले गरेको जलवायु परिवर्तन सर्वेक्षण २०७९ को प्रतिवेदन अनुसार जलवायु परिवर्तनको सबैभन्दा बढी असर कृषि क्षेत्रमा परेको छ । अध्ययनमा सहभागीहरुले जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा बढी क्षति भएको र बढी जोखिम व्यहोर्नु परेको प्रतिक्रिया दिएको तथ्यांक छ । जसबाट यस ढेडोखोला क्षेत्र पनि अछुतो छैन । स्थानीयका अनुसार यस क्षेत्रका खेतीबालीमा फौजी किरा लगायत विभिन्न रोग र किराहरुले दुःख दिन्छ । अहिले हरेक बालीहरुमा रसायनिक मल र विषदी प्रयोग गर्नुपरेको स्थानीय बताउँछन्।

यहाँका मानिसहरु खेती गर्नुभन्दा ज्यालादारीमै आकर्षित हुनुको कारणबारे बताउँदै स्थानीय मिठु कार्कीले भन्नुभयो, 'हाम्रो गाउँमा सिँचाई छैन, बालीबाट लगानी जति आम्दानी पनि हुँदैन ।' यद्यपि उहाँले ज्यालादारीको विकल्पमा आफ्नै व्यवसाय रोज्नुभएको छ। घरनजिकै खोर बनाएर बाख्रापालन गर्नुभएका उहाँको केही चुनौतीका बाबजुद कृषिकर्म र पशुपालन व्यवसाय चलिरहेको छ। 'सिँचाई लाग्ने ठाउँमा अलिकति जग्गा छ, त्यहीँबाट तर कारी खेती गरेर आम्दानी गर्ने गरेका छौँ', उहाँले भन्नुभयो ।

यता ढेडोखोला गाउँमा भने सिँचाई सुविधा नभएकोले आकाशे पानीको भरमा लगाइएको खेती कहिले पानी बढी भएर डुब्ने त कहिले पानी नपरेर सुक्ने गर्छ। गतवर्ष पनि मकै टिप्न नपाएको र खडेरीले बोट नै सुकेको स्थानीय धनकुमारी प्रजा (चेपाङ)ले बताउनुभयो । किनेको बिउ, ज्याला, मल विषादी, ट्याक्टर लगाएको ज्याला गर्दा १ बिगाहामा मकै वा धान खेती गर्न ३० हजारजति लागत लाग्छ। कतिपय अवस्थामा पानी कम वा बढी पर्दा बाली टिप्न नपाई दुःख र लागत खेर जाने गरेको स्थानीयको भनाई छ।

किनुवा बिउ, रसायनिक मल र विषादी जस्ता कारण कृषिमा लागत बढी हुन्छ। कहिलेकाहीँ बिउ नउम्रिने, कहिले खडेरी र झरीले बाली नास गर्ने त कहिले उत्पादनले उचित मुल्य नपाउने हुँदा किसानहरु अनेक जोखिम मोल्न बाध्य छन्। हुन त यस्ता जोखिममा राहतस्वरुप सरकारले अनुदान दिने गरेको छ। तर, लालपूर्जाबिहीन बस्ती भएकोले अनुदान लिन नसकिएको र अनुदान लिने प्रक्रिया नै झन्झटिलो रहेको यहाँका किसानहरु बताउँछन्। अनुदानको अनुभवबारे बताउँदै स्थानीय राममाया प्रजा (चेपाङ) ले भन्नुभयो, 'अनुदान लिन लालपूर्जा चाहिन्छ रे, मल, बिउ किनेको, ट्याक्टर लगाएको सबै बिल चाहिन्छ रे, अनेक झन्झट रहेछ', उहाँले भन्नुभयो, 'आफैले दुःख गरेर त भएन, सरकारले दिएर के होला र ?'

चालु आर्थिक वर्ष २०८१/०८२ का लागि ९० करोड १३ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको मनहरी गाउँपालिकाले कृषि क्षेत्रको लागि करिब डेढ करोड रुपैयाँ बिनियोजन गरेको छ । विनियोजित बजेटबाट गाउँपालिका कृषि यान्त्रीकरण, सिँचाई, आलु, प्याज उत्पादनमा प्रोत्साहन, उत्पादन सामग्री वितरण, बिउ बितरण लगायत काम गर्दै आएको मनहरी गाउँपालिका कृषि शाखा प्रमुख शर्मिला सुवेदीले बताउनुभयो । यसरी कृषिका अधिकांश कार्यक्रमहरु अनुदान र लागत साझेदारीमा सञ्चालन हुन्छन् । प्राप्त निवेदनका आधारमा अनुदान दिइने भएकोले गाउँपालिकामा पहुँच भएकाले मात्रै अनुदान लिन सक्ने व्यवहारिक पक्षलाई नकार्न नसकिने शाखा प्रमुख सुवेदी बताउनुहुन्छ । निवेदन आएको खण्डमा सिमान्तकृत र विपन्न वर्गका किसानलाई प्राथमिकता दिइने भन्दै उहाँले भन्नुभयो, 'उहाँहरुलाई नै भनेर छुट्टै कार्यक्रम चाहिँ छैन ।'

जंगल नजिकैको बस्ती भएकोले यहाँका बालीमा जंगली जनावरको प्रकोप पनि उत्तिकै छ। मृग, बँदेलले बाली नास गर्ने गर्छ भने खोरमा थुनेर राखेको बाख्रा चितुवाले खाएको यहाँका किसानहरुको अनुभव छ। जलवायु परिवर्तनका कारण जंगली जनावरको वासस्थान र व्यवहार फेरिएकोले यस्तो भएको विज्ञहरु बताउँछन्। विज्ञहरुका अनुसार जलवायु परिवर्तनका कारण जंगली जनावरहरु आक्रामक र हिंस्रक बनेका छन्, भने जंगल छोडेर गाउँबस्तीमा पस्न थालेका छन् । जसबाट यस्ता जंगल छेउका बस्तीमा क्षति हुने गरेको छ। बन्यजन्तु व्यवस्थापनका लागि बनको दिगोपनाको विषयमा सरकारले ध्यान दिनुपर्ने विषय विज्ञ डा. पासाङ शेर्पा बताउनुहुन्छ। यस क्रममा अधिकारमुखी अवधारणाबाट जानुपर्ने, समावेशी हुनुपर्ने, लाभ बाँडफाँट हुनुपर्ने र आदिबासीलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको धारणा छ । किनकी, जंगल छेउका बस्तीमा सीमान्तकृत समुदाय धेरै छन् । जंगली जनावरको आक्रमणमा पनि उनीहरुले नै जनधनको क्षति व्यहोर्दै आएका छन्रु।

लालपूर्जा नभएका बस्तीहरुको सिमान्तकृत समुदायका नागरिकहरुले राज्यबाट क्षतिपूर्ति समेत पाउँदैनन्। नियम र प्रक्रिया नै त्यस्तै भएकोले व्यवहारिक पक्ष असहज भएको सरोकारवालाहरु बताउँछन्। मनहरी गाउँपालिकाले यस्ता विपदका घटनामा प्रहरीको रिपोर्ट र वडाको सिफारिसका आधारमा कारबाही अघि बढाउने गरेको गाउँपालिका सामाजिक विकास शाखा प्रमुख ज्ञानेन्द्र ढकालले बताउनुभयो । उहाँले भन्नुभयो, 'गाउँपालिका स्तरीय विपद् कोषबाट पनि सहयोग गर्ने गरिएको छ।'

बन्यजन्तुबाट आक्रमणका घटना धेरै भए तापनि राहतका लागि भने हालसम्म एउटा मात्रै निवेदन आएको डिभिजन बन कार्यालय राप्ती, मनहरीका सूचना अधिकारी एवम् बन अधिकृत



मनहरी ३ ढेडोखोलास्थित शक्तिशाली महिला समूहमा छलफल गर्दै समूहका महिलाहरु ।

दामोदर पाण्डेले बताउनुभयो । 'घटना भएको भन्ने कुराहरु सामाजिक सञ्जालमा आइरहन्छ, तर जंगलमा भएको घटनाको क्षतिपूर्ति पाउने व्यवस्था नभएको हुँदा हामीकहाँ औपचारिक जानकारी आउँदैन, त्यसैले यसको यकिन तथ्यांक छैन', उहाँले भन्नुभयो, 'भालुको आक्रमण भएको एउटा घटना आएको थियो, राहतका लागि सिफारिस गरि पठाइएको छ ।'

## पानीको अभावमा दैनिकी कष्टकर

कहिले पानी बढी पर्ने त कहिले कम पर्ने हुँदा ढेडोखोला टोलमा खानेपानीको समस्या छ। खानेपानी स्रोतका लागि यस टोलको एउटै स्रोत भनेको बगरमा खाल्डो खनी रिङ हालेर बनाइएको इनार हो । यही इनारलाई पनि कहिले बाढीले ढाक्छ त कहिले सुख्खा लाग्छ।

उपयुक्त मुहान नहुँदा यहाँका नागरिकहरु दैनिक अत्यावश्यक खानेपानीको समस्या भोग्न बाध्य छन्। खोला छेउमा रिङ हालेर बनाएको इनारबाट मोटरले तानेर ल्याएको पानी कहिले भेलले लैजाने त कहिले पानी सुक्ने समस्या हुने गरेको स्थानीय सबिता प्रजा (चेपाङ) बताउनुहुन्छ । खहरेछेउको बस्तीमा कटानको समस्या त छँदैछ त्यसमाथि खानेपानीको व्यवस्था नहुँदा धेरै समस्या भोग्नुपरेको उहाँको अनुभव छ। उसो त यस ठाउँमा ढेडोखोल्चाको बाढीले बगाउने डर पनि उत्तिकै छ। यो समस्या पुर्ख्यौली नै हो, स्थानीय सबिताले भन्नुभयो, 'ठूलो पानी पर्दा त रातभरि सुत्दैनौं ।'

वर्षामा धमिलो पानी आउने र विभिन्न रोग लाग्ने समस्या छ । पानी सफा नहुँदा यहाँका मानिसले ढुक्कसँग पानी पिउन नसक्ने स्थानीय सानु सुनार बताउनुहुन्छ । स्थानीयका अनुसार यस क्षेत्रका नागरिकहरुले वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका छन् । साथै, सिंचाईका लागि पनि उत्तीकै समस्या छ। स्थानीय सीता प्रजाका अनुसार यहाँका मानिसहरुले बिहान बेलुकाको समयमा मोटरबाट पानी लगाउने गरेका छन्, जुन निकै महंगो पर्दछ । यद्यपि भुकम्प पछि पानी कम परेकोले मुहानहरु सुक्दै गएको र सिंचाईका लागि पनि अझ बढी समस्या भएको उहाँको अनुभव छ। केन्द्रीय तथ्यांक कार्यालयले गरेको जलवायु परिवर्तन सर्वेक्षण २०७९ को प्रतिवेदनलाई हेर्ने हो भने पनि विगत केही वर्षयता ज्यादा खडेरीको समस्या छ।

## जलवायु परिवर्तनले महिला र बालबालिकाको स्वास्थ्यमा असर उच्च

जलवायु परिवर्तनको प्रभाव सर्वत्र हुने भएपनि विशेष गरि लैंगिक रुपमा महिला तथा ससाना बालबालिकामा यसले बढी असर पारेको विशेषज्ञहरु बताउँछन्। हुन त जलवायु परिवर्तनका कारण श्वासप्रश्वास सम्बन्धी रोगहरु र छाला सम्बन्धी रोगहरु बढ्दै गरेको हुनाले सबैलाई असर गर्छ । तथापि, रोग प्रतिरोधात्मक क्षमता कम भएका तथा संवेदनशील व्यक्तिहरुलाई बढी असर गरेको पाइएको हुँदा महिला र बालबालिका अझ बढी प्रभावित भएको अध्ययनले देखाएको छ।

साथै, यसले गर्भावस्थामा हुने जटिलताहरु थप्ने गरेको विभिन्न अध्ययनले देखाउँछ। पछिल्ला दिनहरुमा अधिकांश महिलाहरुको पाठेघरमा पानीको फोका हुने समस्या पाइएको हेटौंडा अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. विदुर भण्डारी बताउनुहुन्छ। समस्याको कारण बताउँदै उहाँले भन्नुभयो, 'हावापानी, वातावरण यस्तै छ, प्रदुषण उच्च छ ।' यसले महिलाहरुको स्वास्थ्यमा जटिल समस्याहरु देखिएको उहाँको भनाई छ। यसले बालबालिकाको विकासमा पनि वाधा पर्ने देखिएको छ।

जलवायु परिवर्तनका कारण बालबालिका तथा किशोर-किशोरीको मानसिक स्वास्थ्यमा समेत गम्भीर असर पर्ने गरेको बरिष्ठ मनोबिद् बिनोद पौडेल बताउनुहुन्छ । सन् २०१९ मा करेन्ट साइकेट्री रिपोर्टमा प्रकाशित प्रतिवेदन अनुसार यसले बालबालिका र किशोर-किशोरीहरुमा विभिन्न मनोवैज्ञानिक समस्या देखिएको छ। प्रतिवेदनका अनुसार बालबालिका र किशोर-किशोरीहरुमा डिप्रेसन, एन्जाइटी, स्लिपिङ डिसअर्डर, रिस, तनाव आदि मानसिक स्वास्थ्य समस्या निम्त्याएको देखिन्छ । तसर्थ, जलवायु परिवर्तनले शारीरिक र मानसिक या मनोवैज्ञानिक रुपमा समेत प्रभाव पार्ने भएकोले जनजीवनमा यसले गम्भीर समस्या निम्त्याएको छ।

## जलवायु सचेतनाको संवाहक बन्दै स्थानीय महिला

जलवायु परिवर्तनको असरले विश्वको ध्यान तानिरहेको अवस्थामा मकवानपुरको दुर्गम गाउँका महिलाहरु भने स्थानीयस्तरमा जलवायु अनुकूलन सचेतना फैलाउँदैछन् । मकवानपुरको मनहरी गाउँपालिका वडा नं. ३, ४, ६ र ७ अन्तर्गत विकासका दृष्टिले पछाडी पारिएका समुहका महिलाहरु जलवायु परिवर्तनको प्रभाव अनुकूलनमा लागिपरेका हुन्।

जीविका चलाउन कृषि र मजदुरीमा निर्भर रहेका यहाँका महिलाहरुले पर्यावरणीय युक्त कृषिमा जोड दिन थालेका छन्। खेतीबालीमा लाग्ने रोग, किरा मार्न घरेलु विषादी बनाउन सिकिरहेको मनहरी गाउँपालिका-४, ठाडोखोलाकी कल्पना प्रजा (चेपाङ)ले बताउनुभयो । जलवायु अनुकुलन खेतीका लागि यहाँका महिलाहरुलाई मकवानपुर महिला समूहले प्रोत्साहन तथा प्राविधिक सहयोग गरेको छ। समूहले यस टोलमा ठाडोखोला कृषक महिला रिफ्लेक्ट केन्द्र स्थापना गरेको छ । केन्द्रमा २२ जना महिला छन् । करिब १ वर्षदेखि सञ्चालन भइरहेको रिफ्लेक्ट केन्द्रमा साप्ताहिक रुपमा आवश्यक तथा समसामयिक विषयवस्तुमा छलफल हुन्छ । अधिकांश प्रजा (चेपाङ) समुदायको बसोबास रहेको यस क्षेत्रमा सामाजिक सुरक्षा भत्ता लिन सहजीकरण लगायत काममा यस समूहमा आबद्ध



पशुपालन मार्फत आयआर्जनमा लागेकी ढेडोखोलाकी सानु सुनार

महिलाहरुले सहयोग गरेका छन्।

स्थानीय ज्येष्ठ नागरिक सीता प्रजा नागरिकता बिहीन रहेको विषय रिफ्लेक्ट केन्द्रमा छलफल भएपछि निजको नागरिकता बनाउनमा सहजीकरण गरिएको मकवानपुर महिला समूहको यस क्षेत्रकी सामाजिक परिचालक विष्णुमाया तितुङले बताउनुभयो। सो कार्यमा ४ नं. वडाध्यक्ष प्रकाश थापा र वडाका अन्य जनप्रतिनिधिहरुले पनि सहयोग गरेका थिए। मकवानपुर महिला समूहले एक्सन एडको सहयोगमा मनहरी गाउँपालिकाका ४ वटा वडाहरुमा समृद्धि परियोजना लागु गरेको छ।

परियोजना लागु भएका वडाहरुमा ग्रामीण क्षेत्रका महिलाहरुलाई समूहमा आबद्ध गरि वडा कार्यालयसँगको समन्वयमा उनीहरुको सशक्तिकरणमा सहयोग गर्ने गरिएको मकवानपुर महिला समूहकी कार्यक्रम संयोजक निशा लामाले बताउनुभयो । जस अन्तर्गत सिद्धकाली, लामिटार, ठाडोखोला, ढेडोखोला, नयाँबस्ती लगायत ग्रामीण भेगमा रहेका टोलहरुमा महिला, किशोरी र पुरुष समूह बनाई परिचालन गरिएको छ । यी क्षेत्रहरुमा अधिकांश प्रजा (चेपाङ) जातीको बसोबास छ । परियोजना अन्तर्गत पालिकास्तरीय श्रमिक महिला समूह र विद्यालयमा बाल क्लबसमेत गठन भएका छन् । समूहमा आबद्ध महिलाहरुमध्ये अति विपन्न सदस्यले समूहबाट बीउपूँजी रकम लिएर आय आर्जनका कामहरु समेत थालेका छन्।

महिलाको समग्र विकासका लागि आर्थिक सशक्तिकरण जरुरी रहेकोले बिउपुँजी बितरण गरि आयआर्जनमा जोड दिइएको एक्सन एड नेपालका परियोजना अधिकृत कबिता बस्नेतले बताउनुभयो। एक्सन एड नेपालले मकवानपुर महिला समूहसँगको सहकार्यमा यस क्षेत्रमा महिला हिंसा, महिलाको आर्थिक सशक्तिकरण र जलवायु परिवर्तन तथा वातावरणसँग सम्बन्धित काम गर्दै आएको छ । परियोजना अन्तर्गत महिलाहरुलाई समूह मार्फत सशक्तिकरणमा जोड दिइएको परियोजना अधिकृत बस्नेतले बताउनुभयो।

## जलवायु परिवर्तन सम्बन्धी नेपालको प्रतिबद्धता

जलवायु परिवर्तनको सवालमा नेपाल सरकारले पहलकदमी लिएको छ। राष्ट्रिय जलवायु परिवर्तन नीति, राष्ट्रिय वातावरण नीति, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति, दीर्घकालीन कृषि नीति, राष्ट्रिय कृषि नीति, स्थानीय पूर्वाधार विकास नीति, राष्ट्रिय ग्रामीण ऊर्जा नीति, राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय कार्ययोजना, सरसफाई गुरुयोजना समेतले वातावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुलाई नीतिगत मार्गदर्शन प्रदान गरेको छ। विकासका प्रयासहरुलाई वातावरणमैत्री बनाई दिगो विकास हासिल गर्न वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वन ऐन, २०७६, फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा फोहरमैला व्यवस्थापन नियमावली, २०७० तर्जुमा भई कार्यान्वयनमा रहेका छन्।

उल्लिखित संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था अनुरुप जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन एवम् विपद् व्यवस्थापन सम्बन्धी आधारभूत कार्य स्थानीय तहको नेतृत्व र समन्वयमा सम्पादन हुने व्यवस्था छ। तर, स्थानीय तहसम्म यसको उपलब्धिपूर्ण काम भने भएको देखिँदैन। वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ अनुसार स्थानीय तहका लागि घरपरिवार तह, टोल तह, वडा तह र गाउँ वा नगरपालिका तह गरी वातावरणमैत्री स्थानीय शासनका चार तहका सूचकहरु पहिचान गरिएको छ। जसमा घर, टोल सफाईदेखि जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि आधारभूत तालिम प्राप्त स्वयंसेवक टोली गठनसम्मका विषय समावेश छन्।

नीतिमा उल्लेखित कतिपय अभ्यास गाउँपालिकाले गरिरहेको भएपनि हालसम्म पूर्ण रुपमा लागु गर्न भने व्यवहारिक चुनौती रहेको मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले बताउनुभयो। 'नीति कार्यान्वयन गर्नुपर्छ भन्ने पक्षमा छौँ, विपद् व्यवस्थापन समिति गठन र परिचालन भएको छ', उहाँले भन्नुभयो, 'कतिपय विषय भने कार्यान्वयनकै चरणमा छन् ।' उपाध्यक्ष पुलामीका अनुसार यसवर्ष गाउँपालिकाले जलवायु परिवर्तन सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। अब यसलाई बस्ती स्तरमा लैजाने योजना भएको र आगामी दिनमा विपन्न वर्गका नागरिकलाई सहयोग गर्ने गरि कार्यक्रम बनाइने उहाँको भनाई छ। 'अब वडास्तरमा कार्यक्रमहरु लैजाने तयारीमा छौँ', उहाँले भन्नुभयो, 'जलवायु परिवर्तनले सिमान्तकृत, दलित र लोपोन्मुख समुदायका तथा महिला, बालबालिका, जेष्ठ नागरिकलाई बढी असर गर्ने हुनाले उक्त वर्गलाई सम्बोधन हुने गरि कार्यक्रम ल्याउने सोचमा छौँ।' अबको बजेटमा गाउँपालिकाले यस्तो क्षेत्रका विपन्न वर्गका नागरिकलाई आयआर्जन सम्बन्धी तालिम दिने र केही सहयोग पनि गर्ने योजना रहेको बताउनुभयो।

गाउँपालिकाले जलवायु परिवर्तन र अनुकूलन सम्बन्धी सचेतनामूलक कार्यक्रम पनि गर्ने गरेको छ । जसका लागि गाउँपालिकाले बजेट बिनियोजन गरि समुदायका प्रतिनिधिहरुलाई सचेतना कार्यक्रम आयोजना गरिएको मनहरी गाउँपालिका वन तथा वातावरण शाखा फोकल पर्सन ज्ञानेन्द्र ढकालले बताउनुभयो। जलवायु अनुकूलनका विषय सम्बोधन गर्ने गाउँपालिकाको छुट्टै नीति नभए पनि बन ऐन २०७५ कार्यान्वयनमा रहेकोले त्यसैबाट केही कामहरु भइरहेको उहाँले बताउनुभयो । त्यस्तै, विपद् व्यवस्थापन समिति गठन, समितिको सक्रियता र कोष व्यवस्थापन समेत भइरहेको ढकालले जानकारी दिनुभयो।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ